हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।






वर्ष १२२ | अङ्क ३१० | २०७९ साल चैत ८ गते बुधवार | चैत्र शुक्ल प्रतिपदा | नेपाल संवत् ११४३ चिल्लाथ्व १ | 2023 March 22 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

**बागमती प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**बढुवा समितिको सचिवालय**
**हेटौंडा, नेपाल**

## बढुवा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७९/१२/०८**

प्रदेश लोक सेवा आयोगको देहायको बढुवा सूचना नं./सेवा/समूह/उपसमूह/पद/तहको रिक्त पदहरूमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८(२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९(२) बमोजिम चौथो तहको कर्मचारी पाँच वर्ष सेवा अवधि पूरा गरेपछि स्वतः पाँचौं तहमा तह वृद्धि हुने व्यवस्था गरिएको छ। उल्लिखित बढुवाका लागि आवेदन दिएका सबै आवेदकहरूको सोही दफा अनुसारको सेवा अवधि पूरा भएको देखिएकोले निज आवेदकहरू स्वतः पाँचौं तहमा तह वृद्धि हुने भएको हुँदा बढुवा गरिरहनु नपर्ने भनि बढुवा समितिबाट निर्णय भएकोले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४३ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तह वृद्धि नलिएका कुनै आवेदक भए उल्लिखित ऐन अनुसार तह वृद्धि लिनु हुन समेत जानकारी गराइन्छ। साथै रीत नपुगी प्राप्त भएका आवेदनहरू रद्द गरिएको छ।

**तपसिल :**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा | समूह/उपसमूह | पद/तह |
|---|---|---|---|---|
| १. | १३/०७७-७८ (प्रदेश सेवा) (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा) | प्रशासन | सामान्य प्रशासन | सहायक/पाँचौं |
| २. | १४/०७७-७८ (प्रदेश सेवा) (कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा) | प्रशासन | सामान्य प्रशासन | सहायक/पाँचौं |
| ३. | १३/०७७-७८ (स्थानीय सेवा) (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा) | प्रशासन | सामान्य प्रशासन | सहायक/पाँचौं |
| ४. | १४/०७७-७८ (स्थानीय सेवा) (कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा) | प्रशासन | सामान्य प्रशासन | सहायक/पाँचौं |
| ५. | १३/०७७-७८ (स्थानीय सेवा) (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा) | इन्जिनियरिङ्ग | सिभिल | सब इन्जिनियर/पाँचौं |
| ६. | १४/०७७-७८ (स्थानीय सेवा) (कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा) | इन्जिनियरिङ्ग | सिभिल | सब इन्जिनियर/पाँचौं |